# मैना टाकुरा सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

प.सं. : ०८२।०८३ | मिति : २०८२।०६।२८

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !

(मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मिति २०८२।०६।२८)

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना बमोजिम आ.व. ०८१/०८२ मा सामुदायिक वनको ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान गरिएका रुखहरुबाट उत्पादन भई जि.व.पै.आ. समिति, अर्घाखाँचीलाई छुट्टाई बाँकी घाटगद्दीमा राखिएका तपसिल बमोजिमका गोलिया काठ र दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सूचना प्रकाशित भएको मिति देखि २१ औ दिन कार्यालय समय भित्र बोलपत्र खरीद गरी २२ औ दिन दिउस ३:०० वजे भित्र दाखिला गर्न सकिने ब्यहोरा सूचित गरिन्छ ।

तपसिल

लिलाम हुने वन पैदावारको विवरण

श्री डिभिजन वन कार्यालय, अर्घाखाँचीको च.नं. ४४९ मिति २०८२।०६।२४ गतेको लिलाम सहमति बमोजिम प्रथम पटक प्रकासित सूचना

| लट नं. | काठको श्रोत | काठको प्रजाति | ग्रेड | थान | परिमाण क्यू.फि. | राजश्व दर | न्यूनतम मूल्य | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| ०१/०८२/०८३ | आ.व. ०८०।८१ मा ढलापडा कटान तर्फको ब्लक नं. १ साथै पुनरुत्पादन कटान तर्फको ब्लक नं. २, ३,४,५,६,७,८,९,१०,११ को काठ, दाउरा | साल | A | १८ | ३४३ | १२५० | ४२८७५० | ४२०३३१ | |
| | | साल | B | ३२ | ४३७.२४ | ९०० | ३९३५१६ | | |
| | | साल | C | ४४ | २८३.०१ | ६०० | १६९८०६ | | |
| | | साल | D | ५ | ११.५४ | ३०० | ३४६२ | | |
| | | असना | A | २३ | ४५६.२१ | ४०० | १८२४८४ | | |
| | | असना | B | २६ | ३२५.२ | ३०० | ९७५६० | | |
| | | असना | C | ४० | २५०.०६ | १०० | २५००६ | | |
| | | जामुन | A | ३ | ६४.९७ | ४०० | २५९८८ | | |
| | | जामुन | B | १ | १६.२ | ३०० | ४८६० | | |
| | | जामुन | C | ९ | ५०.०६ | १०० | ५००६ | | |
| | | दबदबे | N | २ | ७.०३ | १०० | ७०३ | | |
| | | भलायो | N | ७ | ३७.७९ | १०० | ३७७९ | | |
| | | हर्रो | N | ३ | १४.५८ | २०० | २९१६ | | |
| | | साल दाउरा | | | १.५ | १२००० | १८००० | ५६८७५ | |
| | | मिश्रित दाउरा | | | ०.२५ | ८००० | २००० | | |
| | | अन्य दाउरा | | | १.५ | ४००० | ६००० | | |
| जम्मा | | | | | | | १३६९८३६ | ४७७२०६ | |

२. वोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति : २०८२/०७/१७ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति : २०८२/०७/१८ गते दिउसो ३.०० बजेसम्म ।

३. वोलपत्र डिभिजन वन कार्यालय, अर्घाखाँची र यस समूहको कार्यालयबाट प्रति टेण्डर फाराम वापतको रु. २,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

# मैना टाकुरा सामुदायिक वन उपभोक्ता समूह
## शितगंगा न.पा. वडा नं. ०९, अर्घाखाँची

४. शिलवन्दी बोलपत्र साथ कवोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लि, ठाडा शाखा, अर्घाखाँचीमा रहेको हिसाव नं. ३०५०१०००००१९९७००१ खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नु पर्ने छ ।

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन ईच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, अधावधिक सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।०७।२० गते विहान ११:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ । स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विक्री भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कवोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन ।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी मैनाटाकुरा सा.व.उ.स.को काठ दाउरा लिलाम सम्वन्धि शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनु पर्ने छ ।

१२. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित निति नियम अनुसार हुने छ ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ ।

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

इति सम्वत् २०८२ साल असोज महिनाको २८ गते रोज ०३ मा शुभम् ......................।